नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :-

च.नं. :- मं.बै./३२१/५८१८

सिंहदरबार, काठमाडौं

नेपाल ।

मितिः २०७६/१२/१६

तह्यीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर:- ९८२
२०७६।१२।१९

श्री सचिव,

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

COVID-19 सम्बन्धी विषय मं.प.बै.सं. ५३/०७६ मिति २०७६/१२/१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

श्री सचिव मामिला महाशाखा कार्यान्वयनका लागि।

## नेपाल सरकारको निर्णय–

"१ विश्वव्यापी महामारीको रूप लिएको COVID-19 को संक्रमण फैलिने सम्भावना देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/१२/९ गतेको निर्णयानुसार सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७६ चैत १८ गते मङ्गलवार बिहान ६ बजेसम्म नेपालभर लागू हुने गरी जारी गरिएको आदेशको क्रमसङ्ख्या ६ पछि देहायको क्रमसङ्ख्या ७ थप गर्ने र साविकको क्रमसङ्ख्या ७ र ८ लाई क्रमशः क्रमसङ्ख्या ८ र ९ बनाई उक्त आदेश हाललाई मिति २०७६ चैत २५ गते मङ्गलवारसम्म जम्मा ७ (सात) दिनका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-

७. घर भाडामा बस्ने कुनै पनि व्यक्ति वा परिवारलाई सो अवधिभर भाडामा बसेको घरवाट निकाल्न नपाइने।

२. विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID-19 रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभव समेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दुबाट यात्रुहरूको आवागमन मिति २०७६ चैत १६ गतेसम्म स्थगित गरिएकोमा हाललाई मिति २०७६ चैत १६ गते आइतबार मध्यरातदेखि २०७६ चैत २५ गते मङ्गलवार बिहान ६ बजेसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश बिन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने । तर, मालसामानको ढुवानीलाई यथावत कायम राख्ने।

लिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
मेल : info@opmcm.gov.np

३. COVID-19 रोकथाम, नियन्त्रण र उपचारलगायतका कार्यहरू प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक रूपमा गर्नका लागि एक सशक्त र प्रभावकारी संयन्त्रको रूपमा Crisis Management Center स्थापना र सञ्चालन गर्न यसैसाथ संलग्न अनुसूची -१ बमोजिमको COVID-19 Crisis Management Center (CCMC) स्वीकृत गर्ने। यस्तै किसिमको संरचना प्रदेश र स्थानीय तहमा समेत स्थापना गरी समन्वयात्मक रूपले कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउने।

४. COVID-19 रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधि, उपकरण तथा अन्य सामग्रीहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समन्वय गरी आवश्यकतानुसार रक्षा मन्त्रालयले नेपाली सेनामार्फत् सरकार-सरकार (G to G) विधिबाट खरिद गर्ने।

५. हालको विशेष परिस्थितिमा औषधि, खाद्यवस्तुलगायतका अत्यावश्यक वस्तुको उत्पादन प्राथमिकताका साथ गर्न प्रेरित गर्ने र आवश्यकतानुसार आयातमा सहजीकरण गरी आपूर्ति प्रणालीलाई व्यवस्थित र सहज बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्रीले सम्बन्धित सरोकारवालाहरूसँग आवश्यक समन्वय गरी प्रभावकारी रूपमा कार्य गर्ने।

६. विदेशबाट आएका व्यक्तिहरूलगायत शंकास्पद अन्य व्यक्तिहरूलाई कोरोना रोगको संक्रमण हुन नदिन र यसको संक्रमण फैलिन नदिन यसैसाथ संलग्न क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ स्वीकृत गर्ने । सो मापदण्डअनुसार क्वारेन्टिन व्यवस्था भए नभएको अनुगमन गर्ने र आवश्यक सहजीकरणको कार्य स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री र सहरी विकास राज्यमन्त्रीले गर्ने।

७. COVID-19 रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्यमा संलग्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका देहायबमोजिमका जनशक्तिलाई उक्त रोगको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा खटिएको अवधिभर देहायबमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने-

७.१ PRT (Patient Receiving Team) मा PPE (Personal Protection Equipment) लगाएर कार्य गर्ने सुरक्षाकर्मीलाई सुरु तलबमानको शतप्रतिशत प्रोत्साहन रकम,

७.२ PPE (Personal Protection Equipment) लगाउनु नपर्ने PRT (Patient Receiving Team) मा खटिई सहयोग गर्ने र क्वारेन्टाइनको व्यवस्थापनमा संलग्न सुरक्षाकर्मीलाई सुरु तलबमानको पचास प्रतिशत प्रोत्साहन रकम,

७.३ उल्लिखित प्रयोजनमा ड्युटीमा खटिएको अवधिभर अन्य सुरक्षाकर्मीहरूलाई सम्बन्धित युनिट प्रमुखले प्रमाणित गरेको आधारमा प्रतिदिन रु. ३००।- (तीन सय रुपैयाँ) का दरले हुन आउने रकम,

७.४ उक्त रकम निजहरूको बैंक खातामार्फत उपलब्ध गराउने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।

<u>परिशिष्ट "क"</u>

## निर्देशक समिति

उपप्रधानमन्त्री एवं रक्षामन्त्री

गृहमन्त्री

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री

अर्थमन्त्री

⇓

## सहजीकरण समिति

मुख्यसचिव, नेपाल सरकार

प्रधानसेनापति

सचिव, गृह मन्त्रालय

प्रहरी महानिरीक्षक

सशस्त्र प्रहरी महानिरीक्षक

मुख्य अनुसन्धान निर्देशक

⇓

## CCMC-OPERATION

सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

उपरथी, नेपाली सेना

११/१२ औं तह, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

अनुसूची -१

## COVID-19 Crisis Management Center (CCMC)

१. Corona Virus प्रतिकार्य प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक (Integrated) रूपमा गर्नको लागि एक सशक्त एवं प्रभावकारी संयन्त्रको रूपमा COVID-19 Crisis Management Center (CCMC) स्थापना गर्ने । नेपाली सेनाको छाउनीस्थित Regional Crisis Management Center मा संयन्त्रको कार्यालय स्थापना गरी तत्काल कार्य प्रारम्भ गर्ने।

२. COVID-19 Crisis Management Center (CCMC) को समग्र कार्यलाई निर्देश गर्न एक निर्देशक समिति रहनेछ ।

३. COVID-19 Crisis Management Center (CCMC) को कार्यलाई सहजीकरण गर्न एक सहजीकरण समिति रहनेछ ।

४. CCMC-Operation को समग्र कार्यसम्पादनको लागि संयोजन/योजना/नियन्त्रण समूह रहनेछ ।

५. CCMC–Operation को मातहतमा स्वास्थ्य सेवा तथा उपचार कार्य समूह (Medical Ops), औषधि उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आपूर्ति सेवा समूह (Logistics Ops), शान्ति सुरक्षाको अनुगमन तथा नियन्त्रण कार्य समूह (Security Ops) र सूचना तथा प्रविधि कार्य समूह (Media & IT Ops) रहनेछन् ।

६. CCMC को गठन परिशिष्टमा उल्लेख भएबमोजिम हुनेछ ।

७. CCMC को कार्यक्षेत्र देहायबमोजिम हुनेछः
   (क) Covid-19 को रोकथाम, नियन्त्रण र उपचार
   (ख) औषधि उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक वस्तु वा सेवाको आपूर्ति
   (ग) शान्ति सुरक्षाको अनुगमन

८. CCMC लाई देहायबमोजिमको कार्यादेश हुनेछ -
   (क) Covid-19 को सम्भावित संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागि आवश्यकताअनुसारका व्यक्तिहरूको Tracking, Tracing & Testing गर्ने । मापदण्डअनुसार Quarantine मा राख्ने । उपचारको लागि Isolation मा राख्ने र आवश्यक उपचार गर्ने । मृतकहरूको शव व्यवस्थापन गर्ने ।
   (ख) संघ, प्रदेश र स्थानीय तह एवं सुरक्षा निकायअन्तर्गतका चिकित्सक, नर्स र प्राविधिकलगायतका स्वास्थ्यकर्मीहरू आवश्यकताअनुसार परिचालन गर्ने । आवश्यकताअनुसार निजी र सामुदायिक अस्पतालअन्तर्गतका चिकित्सक, नर्स र प्राविधिकलगायतका स्वास्थ्यकर्मीहरू परिचालन गर्ने ।
   (ग) औषधि उपकरण तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति सुनिश्चित गर्ने/गराउने । खाद्य वस्तु लगायत अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति सुनिश्चित गर्ने गराउने ।
   (घ) Covid-19 को रोकथाम, नियन्त्रण र उपचारको लागि प्राप्त स्रोत, साधन, सामग्रीहरूको परिचालन गर्ने ।

(ङ) नेपाल सरकारको निर्णयबमोजिम Lockdown, Access Control, Quarantine, Isolation, Treatment, Mortuary र Supply Measure हरूको Enforcement गर्ने/गराउने ।

(च) शान्ति सुरक्षाको अनुगमन गर्ने/गराउने ।

(छ) सम्बन्धित विषयहरूमा प्रतिकार्य गर्न आवश्यक योजना गर्न र तत्काल निर्णय लिनको लागि Central Data Base स्थापना, Maintain तथा Update गर्ने/गराउने ।

(ज) उपचार, आपूर्ति र सुरक्षासम्बन्धी विषयहरूमा निर्देशन दिन आवश्यक कार्यविधि र Protocol हरू तर्जुमा गर्ने र कार्यान्वयन गर्ने/गराउने ।

(झ) विभिन्न स्रोतबाट प्राप्त सामग्रीहरूको Inventory, Distribution Priority र Mode of Distribution निर्दिष्ट गर्ने र कार्यान्वयन गराउने ।

(ञ) संक्रमणका देहायका Stage हरूको परिवर्तनसम्बन्धी सूचकहरूको अनुगमन गर्ने र Stage परिवर्तन भएको अवस्थामा Protocol परिवर्तन गर्न निर्देशक समितिलाई सुझाव दिने:

Stage I: Case mostly imported from affected countries.
Stage II: Local Transmission from positive Cases
Stage III: Disease spreads in community large areas gets affected
Stage IV: Disease Shape of on epidemic looks no clear end points

(ट) प्रदेश तथा स्थानीय तहमा स्थापना हुने समितिहरूलाई आवश्यक निर्देशन दिने र कार्यान्वयनको यकिन गरी तदनुरुप अनुगमन गर्ने।

(ठ) आवश्यकताको पहिचान गरी विज्ञ समूह, गैरसरकारी संस्था तथा अन्य स्वदेशी संघ संस्थाहरूसँग समन्वय र सहकार्यसमेत गर्ने ।

(ड) प्रतिकार्य सम्बन्धमा भए गरेमा कार्यहरू बारे नियमित र अद्यावधिक रूपमा जनसाधारणहरूलाई सुसूचित गर्ने ।

(ढ) यस सिलसिलामा भए गरेका Best Practices र Lesson Learned हरूलाई अभिलेखिकरण गरी ऐतिहासिक दस्तावेजको रूपमा सुरक्षित गर्ने ।

९. CCMC सञ्चालन गर्न आवश्यक पर्ने बजेट नेपाल सरकारको निर्णयबमोजिम अर्थ मन्त्रालयले निकासा दिने ।

१०. CCMC ले मागेको जनशक्ति र आवश्यक सहयोग सम्बन्धित मन्त्रालय निकायले तत्काल उपलब्ध गराउने ।

# परिशिष्ट "ख"

## CCMC-OPERATION

### संयोजक/योजना/नियन्त्रण समूह
सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
उपरथी, नेपाली सेना
११/१२ औं तह, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

### OPS Duty Room Help Desk

### सल्लाहकार र विज्ञ समूह
प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
प्रतिनिधि, उच्चस्तरीय स्वास्थ्य समन्वय समिति
सूचना प्रविधिविज्ञ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

### स्वास्थ्य सेवा तथा उपचार कार्य (Medical Ops)
११/१२ औं तह, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सहायक रथी, नेपाली सेना (मेडिकल कोर)
सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रतिनिधि, नेपाल प्रहरी
प्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपाल

- Tracking, Tracing & Testing
- Quarantine
- Isolation & Treatment
- Mortuary

### आपूर्ति तथा अत्यावश्यक सेवा सहजीकरण कार्य (Logistics Ops)
महानिर्देशक, स्वास्थ्य सेवा विभाग
सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सहायक रथी, नेपाली सेना (आपूर्ति तथा परिवहन निर्देशनालय)
प्रतिनिधि, नेपाल प्रहरी
प्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपाल

- Planning & Data Base
- Operation
  - Medicine
  - Food & Essential Services

### शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य (Security Ops)
सहसचिव, गृह मन्त्रालय
सहसचिव, रक्षा मन्त्रालय
युद्धकार्य प्रमुख, नेपाली सेना
प्रतिनिधि, नेपाल प्रहरी
प्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपाल
प्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग

- Law & Order
- Mobilization

### सुचना तथा प्रविधि कार्य (Media & IT Ops)
प्रवक्ता स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रवक्ता, नेपाली सेना
प्रतिनिधि, नेपाल प्रहरी
प्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपाल

- Social Me
- Print & Broadcast